# उन्नति माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड
# Unnati Microfinance Bittiya Sanstha Limited

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त संस्था (१५ जिल्ला कार्यक्षेत्र भएको)

दर्ता नं.११८१५९/२०७०/०७१

प.सं. - च.नं. २०७५/७६-५६४

मिति: २०७५/१०/२७

श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेड,
सिंहदरवारप्लाजा, काठमाण्डौ ।

विषय: चौथो वार्षिक साधारण सभाले पारित गरेका प्रस्तावहरुको जानकारी सम्वन्धमा ।

महाशय,

उपरोक्त सन्दर्भमा, यस वित्तीय संस्थाको मिति : २०७५ साल माघ २६ गते शनिवार (तद्नुसार ०९ फेव्रुवरी, २०१९) सम्पन्न चौथो वार्षिक साधारण सभाले देहाय बमोजिमका प्रस्तावहरु पारित गरेको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

छलफलका विषयहरु :

क) सामान्य प्रस्तावहरु:

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आ.व.२०७४/७५ को प्रतिवेदन पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व.२०७४/०७५ को वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण लगायत वित्तीय विवरणमा छलफल गरी पारित गर्ने ।

३. नेपाल राष्ट्र बैंकको स्थलगत निरीक्षणको निर्देशन बमोजिम सञ्चालक पदमा १ जनालाई सर्वसाधारणको प्रतिनिधित्व नहुन्जेलसम्मका लागि सञ्चालक समितिले गरेको नियुक्तिलाई अनुमोदन गर्ने तथा संस्थापक शेयरधनी समूह "क" को २ जनालाई सञ्चालक पदमा वाँकी अवधिको लागि र सर्वसाधारण शेयरधनी समूह "ख" वाट प्रतिनिधित्व गर्ने २ जनालाई सञ्चालक पदको लागि निर्वाचन गर्ने ।

४. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम २०७५ आषाढ मसान्तसम्म कायम रहेको चुक्ता पूँजीको २.१३ प्रतिशत कर प्रयोजनार्थ नगद लाभांश स्वीकृत गर्ने ।

५. कम्पनी ऐन,२०६३ को दफा १११ बमोजिम आ.व.२०७५/०७६ को लागि लेखा परीक्षक नियुक्ति तथा पारिश्रमिक तोक्ने ।

ख) विशेष प्रस्तावहरु:

केन्द्रीय कार्यालय, ठेगाना : सिद्धार्थनगर नगरपालिका –१२, रुपन्देही, फोन नं. :०७१–५२११२७,०७१–५२११२ ६ फ्याक्स नं. : ०७१–५२११२७

# उन्नति माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड
# Unnati Microfinance Bittiya Sanstha Limited
नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त संस्था (१५ जिल्ला कार्यक्षेत्र भएको)
दर्ता नं.११८१५९/२०७०/०७१


१) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम २०७५ आषाढ मसान्तसम्म कायम रहेको चुक्ता पूँजीको ४०.५० प्रतिशत बोनस शेयर स्वीकृत गर्ने र सोही हद सम्म जारी पूँजी तथा चुक्ता पूँजी बृद्धि गर्ने विशेष प्रस्ताव स्वीकृत गर्ने ।

२) नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम प्रबन्धपत्र र नियमावलीमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ बमोजिम हुने गरी वित्तीय संस्थाको नाम संशोधन गर्ने ।

३) बोनस शेयर र हकप्रद पश्चात कायम चुक्ता पूँजी रु. ०८ करोड ८२ लाख ७५ हजार को ५:१ अनुपातमा अर्थात २० प्रतिशत हकप्रद शेयर जारी गर्ने विशेष प्रस्ताव स्वीकृत गर्ने ।

४) अधिकृत पूँजी, जारी पूँजी र चुक्ता पूँजी वृद्धि गर्ने विशेष प्रस्ताव स्वीकृत गर्ने ।

५) वित्तीय संस्थाको कार्यक्षेत्र विस्तार गरी राष्ट्रिय स्तरमा स्तरोन्नति गर्ने ।

६) वित्तीय संस्थाको प्रबन्ध पत्र तथा नियमावलीमा संशोधन गर्ने सम्वन्धि विशेष प्रस्ताव पारित गर्ने तथा उक्त संशोधनमा नेपाल राष्ट्र बैंक वा अन्य नियमनकारी निकायले फेरबदल गरेमा आवश्यक संशोधन तथा परिमार्जन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्न स्वीकृत गर्ने ।

७) वित्तीय संस्थाले अन्य इजाजतपत्रप्राप्त लघुवित्त सस्थाहरुलाइ गाभ्ने वा संस्थाहरुसंग गाभिने, गाभ्ने/गाभिने (Merger) वा प्राप्ती गर्ने/ प्राप्ती हुन जाने (Acquisition) प्रयोजनार्थ उपयुक्त देखिएमा सो संग सम्बन्धित आवश्यक सम्पूर्ण कार्वाही अगाडी बढाउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

(ग) विविध ।

भवदीय

प्रेम बहादुर पाठक
प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचीव


केन्द्रीय कार्यालय, ठेगाना : सिद्धार्थनगर नगरपालिका –१२, रुपन्देही, फोन नं. :०७१–५२११२७,०७१–५२११२ ६ फ्याक्स नं. : ०७१–५२११२७